नेपाल सरकार

# गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बाँके, नेपालगञ्ज ।

☎ ०८१-५२०१८८
०८१-५२०२६०
Fax : ०८१-५२०६०४
इमेल: cdonpj@gmail.com.

प.सं.:- ०७७/०७८(स्था.प्र.)

मितिः- २०७७।०५।१५

## जिल्ला प्रशासन कार्यालय, बाँकेका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०५।१२ गते बसेको बैठकको विश्लेषण एवं सिफारिसका आधारमा बाँके जिल्लामा कोभिड-१९ संक्रमणको जोखिम कायम नै रहेकोले सो को रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०५।०१ को निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम बाँके जिल्लाभर लागू हुने गरी अर्को आदेश जारी नभए सम्म प्रत्येक हप्ताको शुक्रबार र शनिबारका दिन देहाय अनुसारका अत्यावश्यक सेवा र सो का लागि प्रयोग हुने सवारी साधन बाहेक अन्य सबै प्रकारका सेवा (बैंक तथा वित्तीय संस्था समेत), सवारी साधन, पसल व्यवसाय सञ्चालन र अत्यावश्यक काम बाहेकको हिडडुलमा समेत रोक लगाउने गरी निषेधाज्ञा जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

राम बहादुर कुरुम्वाङ
प्रमुख जिल्ला अधिकारी

देहाय

सञ्चालन गर्न पाइने अत्यावश्यक सेवाहरू

स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, दुरसञ्चार, खानेपानी, फोहरमैला व्यवस्थापन, ग्यास, पेट्रोलियम पदार्थ, औषधी पसल, ATM जस्ता अत्यावश्यक सेवाहरू ।

सञ्चालन गर्न पाइने सवारी साधनहरू

एम्बुलेन्स, शववाहन, दमकल, झण्डावाल सवारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरू, लामो दुरीका मालवाहक साधनहरू, निर्माण सामग्री ढुवानीका साधनहरू, अत्यावश्यक सेवा सञ्चालनमा खटिएका जनशक्तिले प्रयोग गरेका सवारी साधनहरू, सवारी अनुमति (पास) प्राप्त सवारी साधनहरू ।

उल्लिखित आदेशको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ ।

# खजुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बागेश्वरी, बाँके

५ न. प्रदेश, नेपाल

प.स.०७७/०७८

च.नं. २४०

मितिः २०७७/०५/१८

## सूचना!! सूचना!! सूचना!!

बाँके जिल्लामा कोभिड-१९ संक्रमितहरुको संख्या दिनानुदिन बृद्धि भईरहेको अवस्थालाई मध्यनजर गर्दै संक्रमणको गति र फैलावटलाई न्यूनिकरण गर्न जिल्ला प्रशासन कार्यालय, बाँकेबाट मिति २०७७/०५/१५ गतेजारी भएको सूचना बमोजिम अर्को आदेश नभए सम्म प्रत्येक हप्ता शुक्रबार र शनिबार अत्यावश्यक सेवा बाहेक बाँके जिल्ला भर निषेधआज्ञा जारी भएको हुँदा यस खजुरा गाउँपालिकामा पनि अत्यावश्यक सेवा बाहेक गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा/उपशाखा र सम्पूर्ण वडा कार्यालयबाट दिइरहेका सेवाहरु प्रत्येक शुक्रबार र शनिवार बन्द गरिनुका साथै उक्त दुवैदिन सर्वजनिक रुपमा अत्यावश्यक काम बाहेक हिडडुल गर्न समेत रोक लगाएको व्यहारा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । –

बम बहादुर के.सी.
प्रमुख प्रशासकिय अधिकृत